# ४० औं कार्यपालिका बैठक २०८१।०६।०४

**प्रस्ताव .१. कर्मचारी संगठन संरचना दरबन्दि र तेरिज पारित सम्बन्धमा ।**

निर्णय नं .१. प्रस्ताब नं १ माथि छलफल गर्दा यस नगरपालिकाको संगठन तथा व्यवस्थापन (O&M) सर्वेक्षण पुनरावलोकन प्रतिवेदन, २०८१ सम्बन्धमा कार्यपालिका सदस्यहरुबाट अध्ययन पश्चात आगामी कार्यपालिका वैठकमा पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताब नं .२. गौशालामा रहेको गोबर प्लान्टको महशुल तथा व्यावस्थापन सम्बन्धमा।**

निर्णय नं .२. प्रस्ताब नं २ माथि छलफल गर्दा टीकापुर नगरपालिका वडा नं.५ स्थित गौशालामा रहेको गोबर प्लान्टको महशुल तथा व्यवस्थापन सम्बन्धमा हाल संचालनको जिम्मा पाएको सामुदायिक पशु चौपाया व्यवस्थापन समिति संग प्रगति प्रतिवेदन माग गरी आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताब नं.३ पार्कमा कर्मचारी व्यवस्थापन सम्बन्धमा ।**

निर्णय नं.३. प्रस्ताब नं ३ माथि छलफल गर्दा टीकापुर पार्कमा दीर्घकालीन व्यवस्थापनक लागि लीजमा दिने लगायतका कामका लागि ३ महिना भित्र अध्ययन गरि प्रतिवेदन तयार गर्न निम्नानुसारको अध्ययन टोली गठन गर्ने र हाललाई टीकापुर पार्कमा माग भइ आएका जनशक्ती व्यवस्थापन आवश्कता अनुसार स्वीकृत नगर दररेट बमोजिम पारिश्रमिक पाउने गरि दैनिक डोर हाजिरीमा थप जनशक्ती कामकाजमा लगाउने निर्णय गरियो ।

<u>तपशिल</u>

१.संयोजक : श्री यज्ञ प्रसाद न्यौपाने, आर्थिक विकास समिति संयोजक
२.सदस्य : श्री मोहन बि.क, वडा अध्यक्ष वडा नं. १
३.सदस्य : श्री दीपक चौधरी, वडा अध्यक्ष वडा नं. २
४.सदस्य : श्री बलवीर थारु, वडा अध्यक्ष वडा नं. ५
५.सदस्य : ई.श्री नवराज जोशी, पूर्वाधार विकास शाखा प्रमुख
६.सदस्य : स.पाँचौ श्री अर्जुन कुवर, टीकापुर पार्क ईन्चार्ज
७.सदस्य-सचिव श्री रन्जु आचार्य, आर्थिक विकास समिति सदस्य-सचिव

प्रमाणित

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

रामलाल डगौरा थारु
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव नं .४. फोहरमैला व्यवस्थापन सेग्रिगेशन केन्द्रको व्यवस्थित संनचालन लागि IEE को TOR स्वीकृत सम्बन्धमा ।**

प्रस्ताव .नं. ४ माथि छलफल गर्दा यस नगरपालिकामा वडा नम्बर ५ स्थित नगरपालिकाको स्वामित्वमा रहेको टीकापुर नर्सरी वनको उत्तर पुर्वि क्षेत्रमा रहेको जग्गामा फोहोर वर्गीकरण तथा व्यवस्थापन केन्द्र निर्माण गर्न प्रारम्भिक वातावरण परीक्षण (IEE) गर्न तयार गरिएको Terms Of Reference(TOR) स्वीकृत गर्ने निर्णय गरियो।

**प्रस्ताव नं.५ सटर कवलहरुको बाँकी बक्यौता रकम असुली तथा बहाल व्यवस्थापन सम्बन्धमा ।**

निर्णय नं.५. प्रस्ताव नं.५ माथि छलफल गर्दा टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको स्वामित्वमा वडा नं.१ र ७ मा रहेको सपिङ्ग कम्प्लेक्स भवनमा रहेका सटर कवलहरुको बाँकी बक्यौता रकम असुली तथा बहाल व्यवस्थापन सम्बन्धमा देहाय बमोजिम गर्ने/गराउने निर्णय गरियो ।

१) मिति २०८१।०४।२८ गतेको कार्यपालिका बैठकको निर्णय नं.१० बमोजिम २०८१।०६।१५ गते भित्र बहालमा बसि राख्न इच्छुक व्यक्ति/फर्मले बहाल सम्झौता गर्नका लागि र सटर कवल खाली गर्न इच्छुक व्यक्ति/फर्मले बहाल सम्झौता खारेजीका लागि निवेदन पेश नगरेमा साविकको बहाल सम्झौता स्वतः खारेज गरि २०८१ असोज मसान्त भित्र कोठा खाली गर्नका लागि सम्बन्धित व्यक्ति/फर्मलाई जानकारी गराउनुका साथै तोकिएको म्याद भित्रमा कोठा खाली नगरेमा सटर कवल बन्द गराई नयाँ बहाल सम्झौताका लागि ठेक्का प्रक्रिया अगाडि बढाउने ।

२) मिति २०८१।०६।१५ गते भित्र २०८१ असार मसान्तसम्मको बाँकीबक्यौता बहाल रकम चुक्ता नगर्ने वा मिति २०८१।०४।२८ गतेको कार्यपालिका बैठकको निर्णय नं.१० बमोजिम कबुलियतनामा पेश नगर्नेहरुको हकमा टीकापुर नगरपालिकाको आर्थिक ऐन, २०८१ को दफा २४(ग) बमोजिम पत्रपत्रिका र वेभसाइट लगायतका सञ्चारका अन्य माध्यमद्वारा ३५ दिनको सार्वजनिक सूचना मार्फत नगर कार्यपालिकाको कार्यालयको अभिलेख अनुसार सटर कवल बहालमा लिएका व्यक्ति र उक्त सटर कवलमा हाल पसल सञ्चालन गरि रहेका फर्म तथा सो को प्रोप्राइटरको नाम नामेसी प्रकाशित गरि बक्यौता रकम दाखिला गर्न आह्वान गर्ने ।

३) सटर कवलको बहाल सम्झौता खारेज भई सकेको तर सटर कवल बन्द नगरेकाहरुको हकमा २०८१ असोज मसान्त भित्र अनिवार्य रुपमा कोठा खाली गर्न लगाउनुका साथै साविकको सम्झौतामा उल्लेख भए बमोजिमकै दरमा कोठा खाली हुने दिनसम्मको बहाल रकम गणना गर्ने ।

**प्रस्ताव नं.६ घर निर्माण सम्पन्नको म्याद थप सम्बन्धम ।**

निर्णय नं.६ प्रस्ताब नं ६ .माथि छलफल गर्दा घर निर्माण सम्पन्नको प्रमाण पत्र लिन छुट भएका घर धनिहरुले आगामी २०८२ असार मसान्त सम्ममा घर निर्माण सम्पन्नको प्रमाण माग गरेमा उपलब्ध गराउने निर्णय गरियो।

प्रमाणित

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

रामलाल डगौरा थारु
नगर प्रमुख

**प्रस्ताब नं .७ : पार्क क्षेत्रमा फोटोग्राफी कार्यको टेण्डर सम्बन्धमा ।**

निर्णय नं.७.प्रस्ताव नं. ७ माथि छलफल गर्दा टीकापुर बंगला पार्क भित्र व्यावसायिक रुपमा फोटो खिच्ने कार्य ठेक्का प्रक्रिया मार्फत गर्ने / गराउने निर्णय गरियो ।

**प्रस्ताब नं.८ पुराना घर/भवनहरुको अभिलेख व्यवस्थापन सम्बन्धी निर्देशिका,२०७७ संशोधन सम्बन्धमा ।**

निर्णय नम्बर . ८ माथि छलफल गर्दा टीकापुर नगरपालिकामा निर्माण भएका पुराना घर/भवनको अभिलेख व्यवस्थापन सम्बन्धी निर्देशिका २०७७ संशोधन सम्बन्धमा तपसिल बमोजिन संशोधन गरिएको छ।

| क्र .स. | दफा उपदफा र खण्ड | निर्देशिकामा रहेको साविक व्यवस्था | संशोधन गर्न प्रस्ताव गरिएको व्यवस्था | संशोधन गर्नु पर्नाको कारण |
|---|---|---|---|---|
| १ | प्रस्तावना | भवन संहिता, २०७२ लागु हुनु पूर्व निर्माण भै प्रचलित कानून बमोजिम नक्शापास गर्नु पर्नेमा नक्सापास नगरी वा पास भएको नक्सामा स्वीकृती वेगर हेरफेर गरी वा मापदण्ड विपरीत बनाएका भवनहरुको अभिलेखिकरण गरी व्यवस्थित बस्ती विकास तथा शहरीकरणको अवधारणलाई मूर्तरुप दिनका............ लागि अभिलेखिकरण गर्ने कार्यलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले, | भवन निर्माण मापदण्ड , २०७२ लागू हुनुपूर्व र तत्पश्चात निर्माण भै परिमार्जित राष्ट्रिय भवन संहिता NBC:2024,Ready To Use Detailaing Guidelines For Low Rise Reinforced Concrete Building without Masonary infill स्वीकृत हुनु पुर्व कानून बमोजिम नक्शापास गर्नु पर्नेमा नक्सापास नगरी वा पास भएको नक्सामा स्वीकृती वेगर हेरफेर गरी बनाएका भवनहरुकोअभिलेखिकरण गरी व्यवस्थित बस्ती विकास तथा शहरीकरणको अवधारणलाई मूर्तरुप दिनका ............ लागि अभिलेखिकरण गर्ने कार्यलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले, | निर्देशिका बमोजिम अभिलेखिकरण गर्न छुट भएकोले । |
| २ | दफा ४ (क) | भवन संहिता, २०७२ लागु हुनु पूर्व निर्माण भैसकेका घरहरुको हकमा नगरपालिकाको आर्थिक ऐन, बमोजिम दस्तुर लिई अभिलेखिकरण गर्ने । | भवन निर्माण मापदण्ड , २०७२ लागू हुनुपूर्व र तत्पश्चात निर्माण भै परिमार्जित राष्ट्रिय भवन संहिता NBC:2024,Ready To Use Detailaing Guidelines For Low Rise Reinforced Concrete Building without Masonary infill स्वीकृत | निर्देर्शिका बमोजिम अभिलेखिकरण गर्न छुट भई थप समय माग भई निवेदन पर्न |

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

रामलाल डगौरा थारु
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| | | | हुनु पुर्व कानून बमोजिम नक्शापास गर्नु पर्नेमा नक्सापास नगरी वा पास भएको नक्सामा स्वीकृती वेगर हेरफेर गरी बनाएका भवनहरुको हकमा नगरपालिकाको आर्थिक ऐन, बमोजिमको दस्तुरमा सत्प्रतिशत (१००%) थप दस्तुर लिई अभिलेखिकरण गर्ने । | आएकोले । |
| ३ | दफा ५ (क) | पुराना भवनहरुको अभिलेखिकरण गर्न २०८० साल असार १५ गते सम्म निवेदन लिने सार्वजनिक संचार माध्यममा ३ महिना (९० दिन अर्थात २०७७ साल पौष मसान्त सम्म) को सूचना प्रकाशन÷प्रसारण गर्ने । | पुराना भवनहरुको अभिलेखिकरण गर्न २०८२ साल असार मसान्त सम्म अन्तिमपटकका लागि गर्ने । | पुराना भवनहरुको अभिलेखिकरण गर्न छुट भई समयावधि बढाउन माग भई निवेदनपर्न आएकोले । |
| ४ | दफा ५ (ग) | सम्बन्धित वडा कार्यालयबाट घर नक्शा अभिलेखिकरण किताब रु.५१०/- राजश्व लिई उपलब्ध गराउने । | राजश्प शाखाबाट घर नक्शा अभिलेखिकरण किताब रु.५१०/- राजश्व लिई उपलब्ध गराउने । | घर नक्शा अभिलेखिकरण सिधै नगरपालिका कार्यालयबाट गर्नुपर्ने देखिएको हुँदा |
| ५ | दफा १० | वडा कार्यालयमा दिइएको निवेदन अनुसार वडाबाट खटिई गएको डोरलाई कुनै शंका भएमा संधियारको जग्गा विवाद नटुङगिने समयसम्म अभिलेखिकरण प्रक्रिया अघि बढ्ने छैन । तर समस्या समाधान भएपछि अभिलेखिकरण गर्नु पर्नेछ । | न.पा. कार्यालयमा दिइएको निवेदन अनुसार वडाबाट खटिई गएको डोरलाई कुनै शंका भएमा संधियारको जग्गा विवाद नटुङगिने समयसम्म अभिलेखिकरण प्रक्रिया अघि बढ्ने छैन । तर समस्या समाधान भएपछि अभिलेखिकरण गर्नु पर्नेछ । | घर नक्शा अभिलेखिकरका लागि निवेदन नगरपालिका कार्यालयमा पेश गर्नु पर्ने भएकोले । |

प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

रामलाल डगौरा थारु
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| ६ | अनुसुचि -१ | श्री अध्यक्ष ज्यू,<br>..............................वडा कार्यालय<br>टीकापुर नगरपालिका, टीकापुर कैलाली । | श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू, टीकापुर नगरपालिका नगरकार्यपालिकाको कार्यालय टीकापुर कैलाली । | निवेदन नगरपालिकाको कार्यालयमा पेश गर्नु पर्ने भएकोले । |

**प्रस्ताव नं.९ मेयर संग युवा शिर्षक अन्तर्गत रकम विनियोजन सम्बन्धमा ।**

निर्णय नं.९ प्रस्ताव नं.९ माथि छलफल गर्दा मेयर संग युवा शिर्षकमा विनियोजित रकमवाट देहाय बमोजिमका कार्यक्रम सञ्चालन गर्ने रकम उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.स. | कार्यक्रम तथा आयोजनाको नाम | रकम | संचालन गर्ने संघ संस्था | कैफियत |
|---|---|---|---|---|
| १ | खुल्ला वि लेवलको ब्याड मिन्टन प्रतियोगिता संचालन | २५००००।- | मिलन चोक युवा क्लव टी.न.पा. २ कैलाली | वडा नं.२ |
| २ | फुटबल प्रतियोगिता | २५००००।- | जगननथ्या ग्रुप टीकापुर | वडा नं.१ |
| ३ | नेपाल सेफा ताक्रो खेल | ७५०००।- | नेपाल सेफा ताक्रो संघ | वडा नं.१ |
| ४ | व्याटमिन्टिन कोर्ड निर्माण | ५००००।- | | वडा नं.३ |
| ५ | व्याटमिन्टिन कोर्ड निर्माण | ५००००।- | | वडा नं.४ |
| ६ | फुटवल कोर्ड निर्माण | २००००।- | | वडा नं.५ |
| ७ | सांस्कृतिक कार्यक्रम | ३००००।- | | वडा नं. ७ |

**प्रस्ताव नं .१० सार्वजनिक शौचालय नजिकको चोकमा ब्लक विछ्याउने सम्बन्धमा ।**

निर्णय नं.१० प्रस्ताव नं.१० माथि छलफल गर्दा भानु चोक स्थित सार्वजनिक शौचालय परिसर र उत्तर तिरको सार्वजनिक स्थलमा ब्लक विछ्याउन कार्यको लागी आन्तरीक श्रोतबाट रु. २० लाख वजेट विनियोजन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं .११ बृहत सास्कृतिक कार्यक्रम आयोजना सम्बन्धमा ।**

निर्णय नं.११ प्रस्ताव नं.११ माथि छलफल गर्दा वडा दशैं तथा शुभ दिपावली २०८१ को शुभ अवसरमा टोल विकास संस्थाहरु बीच बृहत सास्कृतिक कार्यक्रम वडा नं. ४ का वडा अध्यक्ष श्री लालबिल चौधरीको संयोजकत्वमा आयोजना गर्ने र सो कार्यक्रमको लागि आन्तरीक श्रोतबाट र. १० लाख विनियोजन गर्ने निर्णय गरियो ।

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

रामलाल डगौरा थारु
नगर प्रमुख

**प्रस्ताब नं .१२ वी.पि.चोकमा शालिक स्थापना सम्बन्धमा ।**

निर्णय नं.१२ प्रस्ताव नं.१२ माथि छलफल गर्दा टीकापुर नगरपालिका वडा नं.१ स्थित चौतारी रेडीमेड सेन्टर अगाडीको बी.पी.चोकमा वी.पि.विचार राष्ट्रिय समाजको माग अनुसार वी.पि.कोईरालाको शालिक निर्माण गर्न अनुमति दिने निर्णय गरियो ।

**प्रस्ताब नं .१३ नगर प्रमुखको विदेश भ्रमणको खर्चको रकम सम्बन्धमा ।**

निर्णय नं.१३ प्रस्ताव नं.१३ माथि छलफल गर्दा मिति २०८१/०३/३१ को निर्णय अनुसार नगर प्रमुखज्यूको विभिन्न देशमा भएको वैदेशिक भ्रमणको खर्च सुदुरपश्चिम प्रदेश सरकारको नियमानुसार पदाधिकारी भ्रमण शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताब नं.१४ बजेट तथा आयोजना संशोधन सम्बन्धमा ।**

निर्णय नं.१४. प्रस्ताव नं. १४ माथि छलफल गर्दा आगामी नगर सभाबाट अनुमोदन तथा समर्थन हुने गरी क्षेत्रगत आयोजना तथा कार्यक्रमहरुको प्रगति समिक्षाको आधारमा तपशिल बमोजिम आयोजना तथा कार्यक्रमहरु संशोधन गर्ने र कार्यान्वयन गर्ने निर्णय गरियो ।

| क्र. स. | साविक आयोजना तथा कार्यक्रमको नाम | साविक विनियोजित रकम रु | क्रस. | संशोधित आयोजना तथा कार्यक्रमको नाम | आयोजना स्थल | विनियोजित रकम रु | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | गोपालको घर देखि शिव मन्दिर हुदै बाबुराम चौधरीको घर सम्म र गर्भाको घर हुदै सेती मैया स्कुल सम्म ६०० मि.,रोहनीबोझी २०० मि., सर्पराजको घर देखि दहित सरको घर सम्म १०० मि.कालो पत्रे योजना | ९०,००,०००।- | १ | गोपालको घर देखि शिव मन्दिर हुदै बाबुराम चौधरीको घर सम्म र गर्भाको घर हुदै सेती मैया स्कुल सम्म रोहनीबोझी सर्पराजको घर देखि दहित सरको घर सम्म कालो पत्रे योजना | वडा नं.९ | ९०,००,००० | |

प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको कार्यालय टीकापुर नगरपालिका टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

रामलाल डगौरा थारु
नगर प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | वातावरण मैत्री बनाउन टीकापुर नगर क्षेत्रका ओपन स्पेशमा घेरावार सहित बृक्षारोपण कार्य | ८,००,०००।- | | वातावरण मैत्री बनाउन टीकापुर स्थित ईलाका प्रहरी कार्यालय देखि सामुदायीक एफ.एम चोक हुदै खडक चोक सम्मको कालोपत्रे सडकको दाँया वाँया ग्रिन एरिया ट्रिगार्ड निर्माण सहित बृक्षारोपण कार्य | टीकापुर-१ | रु.८,००,०००।- | |
| ३ | बलभद्र चोक र सिदार्थ चोक लगायतका चोकहरुमा माटो पटानी सहित इटा विछ्याउने कार्य | रु.६,००,०००। | | टीकापुर १ स्थित चार चौतारी अगाडीको सार्वजनीक स्तलमा व्लक विछ्याउने कार्य | टीकापुर-१ | रु.६,००,०००।- | |

**प्रस्ताव नं.१५ टीकापुर नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ मा संशोधन सम्बन्धमा ।**

निर्णय नं.१५ प्रस्ताव नं.१५ माथि छलफल गर्दा यस नगरपालिकाको आन्तरिक आय सम्बन्धी ठेक्का बन्दोबस्त कार्यलाई थप व्यवस्थित र सहज बनाउन टीकापुर नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ मा आवश्यक संशोधन प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं.१६ कृषि हाटबजार सञ्चालन सम्बन्धमा ।**

निर्णय नं.१६. प्रस्ताव नं. १६ माथि छलफल गर्दा टीकापुर नगरपालिका क्षेत्रका कृषि हाट बजारहरुको व्यवस्थित रुपमा सञ्चालन तथा ठेक्का बन्दोबस्त गर्ने सम्बन्धमा अध्ययन गरि आगामी कार्यपालिका वैठकमा पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.१७ सामी कार्यक्रम सञ्चालन सम्बन्धमा ।**

निर्णय नं.१७. प्रस्ताव नं. १७ माथि छलफल गर्दा यस नगरपालिकामा सञ्चालन हुदै आएको सुरक्षित आप्रवासन (सामी) कार्यक्रम सञ्चालन समितिको मिति २०८१।०३।०२ को सिफारिस अनुसार उक्त कार्यक्रमलाई व्यवस्थित रुपमा सञ्चालन गर्न आवश्यक पर्ने म्याचिङ्ग रकम रु.१२,६४,७००।- आन्तरिक श्रोतवाट विनियोजन गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

रामलाल डगौरा थारु
नगर प्रमुख

**प्रस्ताव नं.१८ योजना संशोधनका लागि सिफारिस गर्ने सम्बन्धमा ।**

निर्णय नं.१८. प्रस्ताव नं. १८ माथि छलफल गर्दा शहरी संघिय आयोजना अन्तर्गत आ.व. २०८१/०८२ का लागि स्वीकृत तपसिलको योजनाको नाम फरक पर्न गएकोले संशोधनको लागि सम्बन्धित निकायलाइ सिफारिस गर्ने निर्णय गरियो ।

| क्र. स. | साविक आयोजना तथा कार्यक्रमको नाम | साविक विनियोजित रकम | संशोधित आयोजना तथा कार्यक्रमको नाम | आयोजना स्थल | विनियोजित रकम | कै |
|---|---|---|---|---|---|---|
| १ | कैलाली जिल्ला टीकापुर-१ महालक्ष्मी काष्ठ उधोग देखि ज्योती नगर स्कुल हुदै पश्चिम जानकीको कृषि सडक जोड्ने सडक स्तरोन्नती | | कैलाली जिल्ला टीकापुर-१ जानकी काष्ठ उधोग देखि ज्योती नगर स्कुल हुदै पश्चिम जानकीको कृषि सडक जोड्ने सडक स्तरोन्नती | टी.न.पा. १ | | |

**प्रस्ताव नं.१९ उत्प्रेरणात्मक कक्षा संचालन सम्बन्धमा ।**

निर्णय नं.१९. प्रस्ताव नं. १९ माथि छलफल गर्दा यस टीकापुर नगरपालिका अन्तरगत सञ्चालित सामुदायिक विद्यालयहरुमा असल अभिभावकत्व तथा कुशल शिक्षण सम्बन्धि उत्प्रेरणात्मक कक्षा टीकापुर १ स्थित कर्णाली मा.वि.मा संचालन गर्ने र सो कार्यक्रमको संचालनको लागि आन्तरीक श्रोतबाट रु ३ लाख रकम विनियोजन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २० अनुदान फिर्ता सम्बन्धमा ।**

निर्णय नं.२० प्रस्ताव नं. २० माथि छलफल गर्दा आ.व. २०८०/०८१ मा शर्शत अनुदान वाफत प्राप्त रकम खर्च नभइ बांकी रहेको रु. २३,७६,५००। अक्षेररुपि तेइस लाख छयत्तर हजार पांच सय रुपैया नियमानुसार फिर्ता गर्नुपर्ने भएकोले कोष तथा लेखा नियन्त्रक कैलालीको खातामा आ.व. २०८१/०८२ को खर्च शिषकबाट फिर्ता गर्ने निर्णय गरियो ।

**प्रस्ताब नं.२१ कार्यक्रम संचालनको लागि रकम विनियोजन सम्बन्धमा ।**

निर्णय नं. २१ प्रस्ताव नं. २१ माथि छलफल गर्दा स्थानीय दिवस, सभा, समारोह, उत्सव र सँस्कृति प्रवर्दन कार्यक्रम शिर्षकमा विनियोजित रकमवाट देहाय बमोजिमका कार्यक्रम सञ्चालन गर्न रकम उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.स. | कार्यक्रम तथा आयोजनाको नाम | रकम | संचालन गर्ने संघ संस्था | कैफियत |
|---|---|---|---|---|
| १ | घासे मेला | १००००।- | सांस्कृति समाज टीकापुर | वडा नं.१ |
| २ | कृष्णा जन्माष्टमी पर्व | ५०००।- | | वडा नं.१ |

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

रामलाल डगौरा थारु
नगर प्रमुख

**प्रस्ताव नं.२२ स्वास्थ्य तर्फका कर्मचारीहरुको तलव भत्ता सम्बन्धमा ।**

निर्णय नं. २२ प्रस्ताव नं. २२ माथि छलफल गर्दा आ.व. २०८१/०८२ को शर्शत अनुदान तर्फ स्वास्थ्य तथा आयुर्वेद तर्फका दरवन्दी भएका स्थायी कर्मचारीहरुको लागि तलव भत्ता वपत रु. १,४६,००,०००।– (अक्षेरुपि एक करोड छियालिस लाख मात्र) रकम विनियोजन गरिएको तथा उक्त रकमले यस नगरपालिकामा कार्यरत स्वास्थ्य तर्फका स्थायी कर्मचारीहरुलाइ तलव भत्ता चांडपर्व खर्च तथा पोषाक भत्ता गरि रु. ७५,००,०००। (अक्षेरुपि पचहत्तर लाख मात्र) अपुग भएकोले पछि सोधभर्ना हुने गरि हाल रु. ५०,००,०००। (अक्षेरुपि पचास लाख मात्र) रकम आन्तरिक श्रोतबाट विनियोजन गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

रामलाल डगौरा थारु
नगर प्रमुख